annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५५ पृष्ठ ८ | काठमाडौं, बुधबार १६ असोज २०८१ | आश्विन कृष्णपक्ष औंसी नेपाल संवत् ११४४ | WEDNESDAY, OCTOBER 2, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# बाढी–पहिरोबाट १७ अर्बको क्षति

दसैं-तिहार जस्ता चाडबाडको मुखैमा बाढी-पहिरोले बितण्डा मच्चायो। सरकारको प्रारम्भिक अनुमानमा १७ अर्ब बढीको क्षति पुगेको छ। २ सय २४ जनाको ज्यान गएको छ। राहत र उद्धारको कामलाई प्रभावकारी बनाउन सरकारले ३ दिन राष्ट्रिय शोकको घोषणा गरेको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



बाढी–पहिरोको क्षतिबारे जानकारी दिन मंगलबार आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री केपी ओली।

| प्रारम्भिक क्षति विवरण | |
|---|---|
| कुल क्षति | १७ अर्ब |
| कृषि तथा पशुपन्छी क्षति | ६ अर्ब |
| खानेपानीमा क्षति | ३ अर्ब ५५ करोड |
| सडक पूर्वाधारमा क्षति | २ अर्ब ५२ करोड |
| ऊर्जामा क्षति | ४ अर्ब |
| सिँचाइमा क्षति | १ अर्ब |
| जम्मा मृत्यु | २२४ |
| बेपत्ता भएका | २४ |
| घाइते भएका | १५८ |
| उद्धार गरिएका | ४३३१ |
| परिचालित सुरक्षाकर्मी | ३०,७३१ |
| प्रभावित जिल्ला | २१ |
| क्षति भएका राजमार्ग | ३७ वटा |
| अझै अवरुद्ध राजमार्ग | २८ वटा |
| जलविद्युत् आयोजना क्षति | ३४ वटा |
| प्रसारण टावर क्षति | ५ वटा |
| दूरसञ्चार साइट क्षति | ३१२ वटा |

# बाढीले मुसहर समुदायको बिजोग


**डुबानमा परेको सर्लाहीको बलरा नगरपालिका–३ को मुसहर बस्ती।** ● सुनिल ठाकुर

**सुनिल ठाकुर** | *मलंगवा*

बागमती नदीको बाढी बस्तीमा पसेपछि सर्लाहीको बलरा नगरपालिका-३ का मुसहर समुदाय बिचल्लीमा परेका छन्। शनिबार बेलुका बागमती नदीको बाढी बस्तीमा पसेपछि उनीहरू घरबारविहीन भएका हुन्। पानीको निकास नभएपछि बस्तीमा पसेको पानी जस्ताको त्यस्तै छ। बाढीले घरमा रहेका अन्न, लत्ताकपडा चौपायासमेत बगाएर लगेपछि आफूहरू बिचल्लीमा परेको उनीहरूको गुनासो छ।

पालिकाबाट पाएका चिउरा र चाउचाउको भरमा दुई दिनसम्म गुजारा गरेका मुसहर समुदाय राहतको पर्खाइमा छन्। कहीं कतैबाट राहत नपाएपछि कसरी बाँच्ने भन्ने चिन्ताले सताउन थालेको उनीहरूले गुनासो गरेका छन्। बाहिरको कोही व्यक्ति बस्तीमा पस्नेबित्तिकै बालबालिका तथा महिला राहत लिएर कोही आएको भनेर दौडेर पुग्ने गरेका छन्। बागमती नदीको बाढी घरमा पसेपछि अन्न, लत्ताकपडा नष्ट भएको ८५ वर्षीय शहदेव माझीले बताए। बाढीले केही पनि बाँकी नराखेको शहदेवले दुःखेसो पोखेका छन्। 'बाढी बस्तीमा पसेपछि ज्यान जोगाउन मात्र सफल भयौं', शहदेवले भने, 'घरमा रहेको सामान जोगाउन सकेनौं।' सम्पत्तिको नाममा फुसको सानो झुप्रो र घडेरी मात्र छ। अब कसरी गुजारा गर्ने भन्ने चिन्ताले सताउन थालेको छ उनलाई।

'२०५० सालमा यस्तो बाढी आएको थियो। यस्तो बाढी कहिले आउँदैन भनेर सोचेको थिएँ। ३१ वर्षपछि त्यस्त विपत्ति फेरि दोहोरिएर आएको छ', उनले पीडा पोखे। आइतबारबाट पानी पर्न कम भएपछि केही राहत भएको मीनादेवी माझीले बताइन्। घरको आधा भाग पानीमा डुबेको थियो।

बाँकी पृष्ठ ६

